# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

## गाउँसभाको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८३/०३/१६)

यस धवलागिरी गाउँपालिका गाउँसभाको मिति २०८३/०३/०९ र १० मा बसैको गाउँसभाले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

धवलागिरी गाउँपालिकाको मिति २०८३/०३/०९ र १० गतेको २६ औँ गाउँसभा बैठकमा पेश भएका प्रस्ताव र सो सम्बन्धमा भएका निर्णयहरू

**प्रस्तावहरू**

१. धवलागिरी गाउँपालिकाको आगामी त्रिवर्षीय मध्यमकालीन खर्च संरचना पारित गरियोस भन्ने प्रस्तावका सम्बन्धमा,
२. धवलागिरी गाउँपालिकाको आ.व. २०८१/८२ को बेरुजु नियमित गरियोस भन्ने प्रस्तावका सम्बन्धमा,
३. धवलागिरी गाउँकार्यपालिकाले आ.व. २०८२/८३ मा गरेका निर्णय अनुमोदन गरियोस भन्ने प्रस्तावका सम्बन्धमा
४. धवलागिरी गाउँपालिकाको आ.व. २०८२/८३ को खर्च अनुमोदन गरियोस भन्ने प्रस्तावका साम्बन्धमा,
५. धवलागिरी गाउँपालिकाको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम पारित गरियोस भन्ने प्रस्तावका सम्बन्धमा।
६. धवलागिरी गाउँपालिको बिनियोजन विधेयक, २०८३ पारित गरियोस भन्ने प्रस्तावका सम्बन्धमा,
७. धवलागिरी गाउँपालिकाको आर्थिक विधेयक, २०८३ पारित गरियोस भन्ने प्रस्तावका सम्बन्धमा,
८. धवलागिरी गाउँपालिकाको आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रम पारित गरियोस भन्ने सम्बन्धमा
९. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८३ सम्बन्धमा।
१०. विवध सम्बन्धमा।

**निर्णयहरू**

१. धवलागिरी गाउँपालिकाको आ.व. २०८३/८४ देखी आ.व. २०८५/८६ सम्मको त्रिवर्षीय मध्यमकालीन खर्च संरचना पारित गरियोस भन्ने सम्बन्धमा श्री देवेन्द्र रोका ज्यूले पेश गर्नुभएको प्रस्तावमाथी छलफल गर्दा यस धवलागिरी गाउँपालिको आर्थिक वर्ष २०८३/८४ को बजेट रू ४८ करोड ५२ लाख ३ हजार रुपैयाँ , आर्थिक वर्ष २०८४/८५ को बजेट रू ५० करोड ८७ लाख ९७ हजार ९ सय रुपैया र आर्थिक वर्ष २०८५/८६ को बजेट ५३ करोड २८ लाख ८ हजार ७ सय ५०

रुपैयाँ हुने अनुमान सहितको मध्यकालीन खर्च संरचना (आ.व. २०८३/८४-२०८५/८६ सम्मको) मध्यमकालीन खर्च संरचना सर्वसम्मतले पारित गरियो।

२. धवलागिरी गाउँपालिकाको आ.व. २०८१/८२ को बेरुजु नियमित गरियोस भन्ने सम्बन्धमा लेखा समिति संयोजक श्री देउ प्रसाद छन्त्याललले प्रस्तुत गर्नुभएको प्रस्तावका सम्बन्धमा छलफल गर्दा देहायबमोजिम हुने गरी निर्णय गरियो।

क. महालेखा परीक्षको आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनको दफा ४५ मा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा मितव्ययीता ,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियजनाको मुख्य उधेश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ ।साथै सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष देहायका सरकारी भवन निर्माण उपभोक्ता समिति मार्फत गराई रु. ९३६७५७ खर्च लेखेको छ। उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा कार्यालयले नै गर्नुपर्ने कार्य उपभोक्ता समिति मार्फत गरेको पाईयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी निर्माण कार्य गराएको नियम सम्मत नदेखिएको रु. ९३६७५७ भनि उल्लेख भएकोमा उक्त निर्माण कार्यमा उपभोक्ता समितिको समेत लागत साझेदारी भएको साथै स्थानीयलाई रोजगारी सिर्जना समेत हुनुका साथै उपभोक्ताको सहभागितामा कार्य गराउदाँ उक्त संस्था प्रति स्थानीय नागरिकको अपनत्वबोध समेत हुने भएकाले उक्त कार्य उपभोक्ता समितिबाट गराईएकोले उक्त कार्यमा कुनै सरकारी हानी नोक्सानी समेत नभएको हुँदा उक्त दफाको रु. ९३६७५७ बेरुज नियमित गरी बेरुजु फर्छौटका लागि  महालेखा परिक्षकको कार्यालयमा लेखी पठाउने निर्णय गरियो।

३. वडा अध्यक्ष श्री अशोक खत्री ज्यूले आ.व. २०८२/८३ मा धवलागिरी गाउँकार्यपालिकाले गरेका निर्णयहरू अनुमोदन गरियोस भनी पेश गर्नुभएको प्रस्तावमाथि छलफल गर्दा  धवलागिरी गाउँपाकार्यपालिकाको बैठकले प्रशासकीय कार्य फर्छौट एवं विनियोजन ऐन बमोजिम र गाउँसभाले प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी गरेका **अनुसूची १** बमोजिमका निर्णयहरू संगसंगै सम्पूर्ण निर्णयहरू अनुमोदन  गर्ने निर्णय गरियो।

४. वडा अध्यक्ष श्री राजाराम उपाध्याय ज्यूले आ.व. २०८२/८३ मा धवलागिरी गाउँपालिकामा भएको आय र पालिकाबाट गरिएको ब्यय सहित खर्च अनुमोदन गरियोस भनि पेश गर्नुभएको प्रस्तावमाथी छलफल गर्दा आ.व. २०८२/८३ मा बिनियोजित बजेट र गाउँकार्यपालिकाको निर्णयबमोजिम भएका लगायत सम्पूर्ण खर्चहरू अनुमोदन गर्ने निर्णय गरियो।

५. धवलागिरी गाउँपालिका एवम् गाउँसभाका अध्यक्ष श्री प्रेम प्रसाद पुन ज्यूबाट प्रस्तुत धवलागिरी गाउँपालिकाको नीति तथा कार्यक्रम २०८३ सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।

६. गाउँ कार्यापालिका सदस्य श्री सीता कुमारी छन्त्यालज्यूले धवलागिरी गाउँपालिकाको आ.व. २०८३/८४ को बिनियोजन विधेयक पारित गरियोस भनी पेश गर्नुभएको प्रस्तावमाथी छलफल गर्दा अनुसूची-२ बमोजिमको धवलागिरी गाउँपालिकाको विनियोजन विधेयक २०८३ पारित गर्ने निर्णय गरियो।

७. वडा अध्यक्ष झक बहादुर छन्त्याल ज्यूले धवलागिरी गाउँपालिकाको आर्थिक विधेयक २०८३ पारित गरियोस भनी पेश गर्नुभएको प्रस्तावमाथी छलफल गर्दा धवलागिरी गाउँपालिकाको आर्थिक विधेयक २०८३ पारित गर्ने निर्णय गरियो।

८. धवलागिरी गाउँपालिकाका उपाध्यक्ष रेशम पुन मगर ज्यूले पेश गर्नुभएको धवलागिरि गाउँपालिकाको आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रम पारित गरियोस भन्ने प्रस्तावमाथी छलफल गर्दा धवलागिरी गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम **अनुसूची -३** बमोजिम पारित गर्ने निर्णय गरियो। साथै राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत तथा विभिन्न गैरसरकारी संस्थाबाट आगामी आ.व. मा यस गाउँपालिकामा कार्यान्वयन हुने क्रमशः अनुसूची ३.१ र अनुसूची ३.२ बमोजिमको बजेट तथा कार्यक्रम समेत पारित गर्ने निर्णय गरियो।

९. नेपाल सरकारद्धारा जारी गरिएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय तथा मातहतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नका लागि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा गठित सर्वेक्षण समितिले तयार पारेको धवलागिरी गाउँपालिकाको संगठन तथा व्यवस्थापन

सर्वेक्षण प्रतिवेदन २०८३ मा उल्लेखित संगठन संरचना तथा दरबन्दी तेरिज पारित गरियोस भनि वडा अध्यक्ष श्री अक बहादुर वि.क.ले पेश गर्नुभएको प्रस्ताव सर्वसम्मत रुपले पारीत गर्ने निर्णय गरियो।

१०. विविध प्रस्ताव अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियोः-

क. आ.व. २०८३/८४ को लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको समितिले स्विकृत गरेको जिल्ला दररेट बमोजिमको नै हुने गरि खरिद सम्बन्धि कार्य गर्ने निर्णय गरियो साथै जिल्ला दररेटमा उल्लेख नभएको कार्य गर्न आवश्यक भएमा छिमेकि जिल्ला तथा पालिकामा कायम गरिएको दररेट, प्रचलित बजार मूल्य वा दरभाउ पत्र माग गरि कायम गरिने दररेटका आधारमा लागत अनुमन तयार गर्ने लगायतका कार्य गर्ने निर्णय गरियो।

ख. सेवा करार कर्मचारीको २०८३ पौष मसान्तसम्म म्याद थप तथा आवश्यकता अनुसार पदपूर्ती लगायतको अधिकार गाउँकार्यपालिकाको कार्यालयलाई प्रदान गर्ने निर्णय गरियो।

ग. संघीय शिक्षण सिकाइ अनुदानका शिक्षक, विद्यालय कर्मचारी, वालविकास सहजकर्ता तथा सहयोगीको थप सेवासुविधा साथै गाउँपालिका अनुदानका शिक्षकहरुको सेवासुविधा निर्धारण तथा म्याद थप गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो।

घ. विपन्न नागरिक, विपद् पिडित तथा विभिन्न रोगबाट पिडित नागरिकहरुलाई रु. २५०००।– सम्मको राहत तथा क्षतिपूर्ति प्रदान गर्ने अधिकार गाउँपालिका अध्यक्षलाई प्रदान गर्ने निर्णय गरियो।

ङ. जनकल्याण मावि वडा नं. १ गुर्जामा गोर्खा वेल्फेयर ट्रष्टको सहयोगमा निर्माण हुने विद्यालय भवन लगायतका पूर्वाधारहरु निर्माण गर्नका लागि कुल लागतको १० प्रतिशतले हुन आउने सामुदायिक योगदानबापतको रकम चालु आ.व.मा बचत हुने बजेटबाट आगामी गाउँसभाबाट विनियोजित गर्ने गरि श्रोत सुनिश्चितता गर्ने निर्णय गरियो।

च. निर्माणाधिन प्रशासकीय भवन, पाँच शैया अस्पताल भवन लगायतका ठेक्काहरुको म्याद थप सम्बन्धि निर्णय गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो।

छ. गाउँ कार्यपालिकाको मिति २०८२/१२/१०, २०८३/०१/२९ तथा २०८३/०३/०८ को निर्णय बमोजिम विभिन्न कर्मचारीहरुलाई प्रदान गरिएको अतिरिक्त समयमा कार्यसम्पादन गरेवापतको प्रोत्साहन रकम अनुमोदन गर्ने निर्णय गरियो।

ज. सहायक पाँचौबाट सेवा निवृत्त हुनभएका वेदनाथ सुवेदीको अवकाश पश्चातको सुविधा (उपदान सञ्चित घर तथा विरामी विदा, औषधिउपचार खर्च लगायत) वापत भुक्तानी दिनु पर्ने रकम रु. ४८७६४४३।- भुक्तानी दिन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।